# नारीवादी आन्दोलन र नेपाली साहित्यमा नारीवाद

*यादवप्रसाद शर्मा* *

***Article History:*** *Received 12 Sep. 2021; Reviewed 28 Oct. 2021; Revised 4 Nov. 2021; Accepted 20 Dec. 2021.*

## *लेखसार*

*(नारीवादी आन्दोलन, यस आन्दोलनमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक आदि विविध पक्षको प्रभाव तथा नेपाली साहित्यमा नारीवादी लेखनको अवस्थाजस्ता प्राज्ञिक समस्याको समाधानमा केन्द्रितप्रस्तुत लेखका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको हो र यसरी पुस्तकालयीय विधिबाट सङ्कलित सामग्रीको अध्ययन तथा विश्लेषण भने निगमनात्मक विधिबाट गरिएको छ । यस लेखमासर्वप्रथम नारीवादी आन्दोलनकाविभिन्नप्रयासहरूकोविवेचना गर्दै नारीवादी आन्दोलनका प्रमुख धाराहरू उदार नारीवाद, मार्क्सवादी नारीवाद, आमूल (उग्र) नारीवाद, समाजवादी नारीवादमाथि सङ्क्षिप्त रूपमा प्रकाश पारिएको छ भने अन्य सहायक धाराहरूको दिक्दर्शन मात्र दिइएको छ । नारीवादी आन्दोलनसित सम्बन्धित विविधप्रयास, चिन्तन र अवधारणाहरूको अनुशीलन गरी समस्याको गहिराइमा पुग्ने प्रयत्न गर्नुका साथै नारी र पुरुषका नैसर्गिक विशिष्टता, जटिलता, कुन्ठा एवं मनोग्रन्थीको विश्लेषण गरी नारीवादी चिन्तनका प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक विविधता पनि औंल्याइएको छ र नेपाली साहित्यसिर्जना तथा समालोचनामा भएको नारीवादी लेखनलाई पनि सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।अन्त्यमा नारीमाथि हुने विभेद एवं शोषणका सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक आदि कारणका साथै समाजको उत्पादन स्थिति/सम्बन्धलाई यथार्थतः सम्पूर्णतामा नबुझी एकोहोरो रूपमा पुरुषको मात्र विरोध गरेर नारीमुक्ति असम्भव हुने भएकालेनारीवादी आन्दोलनकेवल विरोध र आक्रोशका रूपमा मात्र विकसित नभएर जीवनजगत् वा समस्त सृष्टिको समग्रताको बोध गरी वास्तविक आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक एवं मनोवैज्ञानिक समस्याको पहिचान गरी नारीमुक्ति आन्दोलनमापरिणत हुनुपर्ने निष्कर्ष दिइएको छ ।)*

***शब्दकुञ्जी:*** *नारीमुक्ति, नारीवाद, पितृसत्ता, महिला, स्त्री*

## विषय परिचय

नारीवादी आन्दोलनले नारीको वास्तविक अस्तित्व एवं स्वतन्त्र पहिचानमा जोड दिनाका साथै नारीका अनुभव, विचार, क्रियाकलाप एवं गतिविधिहरूलाई विशेष महत्त्व प्रदान गर्दछ । योआन्दोलन पितृसत्तात्मक समाजमा नारीप्रति हुने शोषण एवं दमनका विरूद्धको वैचारिक चिन्तन एवं सङ्गठित आन्दोलन हो । नारीवादी आन्दोलनमा पनि नारी तथा पुरुषका नैसर्गिक विशिष्टताहरूका साथै प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक आदि विविध पक्षहरूको प्रभाव भेटिन्छ । समय र प्रवृत्तिका दृष्टिले नारीवादी आन्दोलनका प्रमुख तीनवटा धारहरू देखिन्छन् । नारीवादी समालोचना आरम्भ हुनुभन्दा अघिको नारीवादी लेखनलाई नारीवादको प्रथम धार, नारीवादी समालोचना आरम्भ भएपछिको

* सह-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

नारीवादी लेखनलाई नारीवादको द्वितीय धार र सन् १९८० पछिको नारीवादी लेखनलाई नारीवादको तृतीयधार मान्ने गरिएको छ । नारीवादी लेखनका अघिल्ला दुई धारलाई आधुनिक नारीवाद र पछिल्लो धारलाई उत्तर आधुनिक नारीवादको संज्ञा दिई उत्तरआधुनिक सिद्धान्तभित्रकै एउटा अङ्का रूपमा लिने गरेको पाइन्छ । नारीवाद पितृसत्ताका विरुद्ध प्रारम्भ भएकोले पितृसत्ताको उच्छेदका लागि समर्पित छ । उत्तरआधुनिकताको फराकिलो छातामा समसामयिक नारीवाद पनि आउँछ । केही नारीवादीहरूले उत्तरसंरचनावादका विसङ्घटक डेरिडाबाट प्रशस्त प्रभाव ग्रहण गरेका छन् भने संरचनावादी तथा उत्तरसंरचनावादी लाकनबाट तथ्यहरू ग्रहण गरेका छन् । त्यस्तै केहीले भने मार्क्सवादसित तालमेलका औचित्य र सीमालाई हेरेका छन् । (गौतम, २०६४ : ११७)' नारीवादले पितृसत्तात्मक मानसिकताद्वारा आविष्कृत साहित्यिक सिद्धान्तलाई नै मातृपक्षीय कोणमा ढालेर पितृसत्तामाथि प्रहार गर्दछ । आफ्नै अलग सिद्धान्त निर्माण गरेर आन्दोलनलाई पुरुषभिन्न बाटामा लैजानुभन्दा पितृसत्ताकै कुममा कुम जोडेर त्यसैमाथि प्रहार गर्दा पितृसत्ताविरोधी आन्दोलनले शक्ति एवं तीव्रता प्राप्त गर्दछ भन्ने मान्यता नारीवादीहरूमा रहेको पाइन्छ ।यस लेखमा नारीवादी आन्दोलनको परिचय दिँदै नेपाली साहित्यसिर्जना तथा समालोचनामा भएको नारीवादी लेखनलाई प्रस्तुत गरी अन्त्यमासङ्क्षिप्त निष्कर्ष दिइएको छ ।

## अध्ययनको समस्या

नारीवादी आन्दोलन भनेको के हो ?यस आन्दोलनमा केकस्ता प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक विविधताहरू रहेका छन्? तथानेपाली साहित्यमानारीवादी लेखनको अवस्था के कस्तो रहेको छ भन्ने प्राज्ञिक समस्याको अनुसन्धानमा नै यो लेख केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

नारीवादी आन्दोलनको सङ्क्षिप्त परिचय दिँदै यसका उदार नारीवादी धारा, मार्क्सवादी नारीवादी धारा, आमूल (उग्र) नारीवादी धारा र समाजवादी नारीवादी धाराजस्ता प्रमुख नारीवादी धाराहरू र तिनका मूलभूत दृष्टिकोणहरूको अध्ययन गरीयस आन्दोलनमा रहेका प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक आदि विविधताहरूको अनुसन्धान गर्नु र नेपाली साहित्यमा नारीवादी लेखनको परिचय दिनुनै यस लेखको उद्देश्य हो ।

## अध्ययनको औचित्य

प्रस्तुत लेखमा नारीवादी आन्दोलनको सङ्क्षिप्त परिचयदिनुका साथै यस आन्दोलनलाई पुँजीवादी आर्थिक तथा राजनीतिक चिन्तन अथवा मार्क्सवादी आर्थिक तथा राजनीतिक चिन्तनसँग मात्र जोडेर प्रस्तुत नगरीनारी तथा पुरुषका नैसर्गिक विशिष्टताहरूको आधारमा नारीवादी चिन्तनका प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक आदि विविधताहरूको पहिचान तथा विश्लेषण गरिएको छ । यसका अतिरिक्त नारीवादी आन्दोलनका प्रमुख धाराहरू र तिनका मूलभूत दृष्टिकोणहरूको विश्लेषण गरीनेपाली साहित्यमा नारीवादी लेखनको सङ्क्षिप्त परिचय पनि दिइएको छ ।  यसबाट साहित्यका सर्जक, पाठक, समालोचक तथा अनुसन्धाताहरूसमेत लाभान्वित हुने भएकाले प्राज्ञिक दृष्टिले यो अनुसन्धानात्मक लेखको औचित्य पुष्टि हुन्छ ।

## अध्ययनको सीमा

प्रस्तुत लेखमा नारीवादी आन्दोलनको सङ्क्षिप्त परिचय दिई नारीवादी आन्दोलनकाउदार नारीवादी धारा, मार्क्सवादी नारीवादी धारा, आमूल (उग्र) नारीवादी धारा र समाजवादी नारीवादी धाराजस्ता प्रमुख धाराहरूका मूलभूत दृष्टिकोणहरूको अध्ययन गरिएको छ । त्यसै गरी नारीवादी चिन्तनका सन्दर्भमा नारी तथा पुरुषका नैसर्गिक विशिष्टताहरूको विश्लेषण गर्नुका साथै प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक आदिविविध पक्षहरूकोप्रभावबारे पनि अनुसन्धान गरिएको छ ।तत्पश्चात् नेपाली साहित्यमा नारीवादी लेखनको चर्चा गरी निष्कर्ष दिइएको छ । यसका अतिरिक्त यस लेखमा नारीवादका अन्य पक्षमा विषयान्तर गरिएको छैन ।

## अध्ययनविधि

नारीवादी आन्दोलन र नेपाली साहित्यमा नारीवाद शीर्षकको यस लेखका लागि आवश्यकविविध सामग्रीहरूकोसङ्कलनमापुस्तकालयीय सामग्रीसङ्कलन विधिको प्रयोग गरिएको छ र पुस्तकालयीय सामग्रीसङ्कलनका स्रोत त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय एवं आफ्नै व्यक्तिगत सङ्ग्रहका पुस्तकहरू रहेका छन् ।अध्ययनकालागि आवश्यक सैद्धान्तिक आधारको निर्माण तथा सङ्कलित सामग्रीको विश्लेषण निगमन विधिबाट गरिएको छ ।

## नारीवादी आन्दोलनको परिचय

पश्चिममा नारी स्वतन्त्रताका लागि धेरै पहिलेदेखि नै सङ्घर्ष चलेको पाइन्छ । 'व्यक्तिगत जीवनका दुःखपीडाहरू बाँड्ने क्रममा केही महिलाहरू आपसमा जुटेपछि बनेको अघोषित सङ्गठनको प्रारूपले महिलाका पक्षमा सकारात्मक नतिजा देखाउन थालेपछि सङ्गठनले घोषित स्वरूप प्राप्त गऱ्यो र सन् १८४८ मा सेनेका फल्स सम्मेलन भएपछि सङ्गठनले औपचारिकता प्राप्त गऱ्यो । (त्रिपाठी, २०६७ : ४५९-४६०)' यद्यपि त्यसपूर्व नै अमेरिकामा चलिरहेको दासविद्रोहले महिला आन्दोलनलाई ऊर्जा एवं मार्गदर्शन प्रदान गरिसकेको थियो । "विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न उठाउने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान, परम्परित मूल्य र स्वरूपको विरोध गरेको देखिन्छ । (लुइटेल, २०६७ :४००)" नारीवादी लेखन तथा नारीवादी समालोचना पनि संरचनावादोत्तर कालमा विश्वसाहित्यमा देखा परेका साहित्य तथा समालोचनाका महत्त्वपूर्ण सिद्धान्तहरू हुन् । सामान्यतः नारीवादी लेखन वा नारीवादी समालोचना भन्नाले नारीलाई केन्द्र बनाएर लेखिएको/नारी केन्द्रित लेखन वा समालोचना भन्ने बुझिए तापनि साहित्यिक सिद्धान्तका रूपमा नारीवादी समालोचनाले एउटा निश्चित आन्दोलन, प्रवृत्ति र मान्यतालाई वहन गर्दछ । नारीवादी लेखन तथा समालोचनाले सत्तरीको दशकमा प्रारम्भ भएर असीको दशकमा आफूलाई साहित्यसिद्धान्तका रूपमा स्थापित गराउने प्रयास गऱ्यो । कतिपय नारीवादी लेखनका पक्षधरहरू सिमोन द बुभायरको द सेकेन्ड सेक्स (सन् १९४९) को प्रभावबाट नै पश्चिममा आधुनिक नारीवादी चिन्तनको प्रारम्भ भएको मान्दछन् भने 'अधिकांश साहित्य समालोचकहरू सत्तरीको दशकदेखि नारीवादी चिन्तनको आरम्भ भएको र केट मिलेटको सेक्सुअल पोलिटिक्स (१९६९) बाट नारीवादी चिन्तनको घोषणा प्रस्तुत भएको मान्दछन् (बराल, २०५२ : १३९) ।' 'नारीको अस्मिता र मूल्यलाई केन्द्रमा राखेर साहित्यिक लेखन तथा चिन्तनमा केन्द्रित हुनु नारीवादी साहित्यिक चिन्तनको उद्देश्य हो र नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, शारीरिक र बौद्धिक शोषणकै क्रममा नारीहरू र नारीमुक्तिका पक्षधरहरूबाट नारीवादी तथा

नारीमुक्तिसम्बन्धी चिन्तन देखापरेको हो । (बराल, २०६४ : ६४)' नारीवादको केन्द्रमा नारी नै रहे तापनि यसमा सभ्यताको प्रारम्भ तथा परिवारको उत्पत्तिदेखि यताका राजनीति, लैङ्गिक मनोविज्ञान, यौन मनोविज्ञान, अर्थमनोविज्ञान, अर्थराजनीति, भाषिक मनोविज्ञान आदिको गहिरो प्रभाव देखिन्छ ।

नारीवादी आन्दोलनले नारीमाथि हुने सामाजिक, सांस्कृतिक, आर्थिकलगायत सबै किसिमका शोषणको विरोध एवं प्रतिकार गर्छ । अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीका अनुसार महिलाले पनि पुरूष जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास राखेर गरिने सङ्घर्ष नै नारीवाद हो (पृ. ४६६) । यसरी महिलाहरूले पुरूष समान अधिकार प्राप्तिका निम्ति गरिएको वा गरिने सामाजिक आन्दोलनलाई नै नारीवाद भनिन्छ । अमेरिका, बेलायत, फ्रान्स लगायतका पश्चिमा राष्ट्रहरूबाट नारी स्वतन्त्रतासम्बन्धी वैचारिक एवं राजनैतिक आन्दोलनका रूपमा सन् १९६० को दशकदेखि नारीवादी आन्दोलन प्रारम्भ भएको भए तापनि यसले सन् १९७० को दशकदेखि मात्र नारीवादी साहित्यसिर्जना एवं समालोचनाको रूप लिएको पाइन्छ । नारीवादी समालोचनाले अरू किसिमका साहित्यिक सिद्धान्त र समालोचनामाथि राजनैतिक प्रकृतिको आक्रमण गर्दै परम्परागत साहित्य समालोचनाभन्दा पृथक मार्ग अवलम्बन गर्छ । परम्परागत पितृसत्तात्मक समाज पुरूषका पक्षमा संरचित भएको र परम्परागत साहित्यमा पनि त्यही समाज र संस्कृति प्रतिविम्बित हुने भएकाले परम्परागत साहित्य नारीवादी समालोचनाको आक्रमणको केन्द्र बन्दछ । यसरी नारीवादी साहित्य समालोचनाले कुनै पनि साहित्यिक कृतिमा नारीका पक्षमा के छ र के छैन भन्ने कुराको विश्लेषण एवं सामान्यीकरण गर्छ ।

पुरूष लेखकले सिर्जना गरेको सांस्कृतिक संरचनाभित्र महिलाको आत्मान्वेषण गर्दै सिमोन द बुभायरले द सेकेन्ड सेक्स (१९४९) प्रकाशित गराएपछि नारीवादी आन्दोलनले सबल सैद्धान्तिक आधार प्राप्त गरेको देखिन्छ परन्तु यस आन्दोलनको विधिवत् प्रारम्भ भने अमेरिकी नारीवादी लेखक केट मिलेटको सेक्सुअल पोलिटिक्स (१९६९) को प्रकाशन पश्चात् भएको मानिन्छ (बराल, २०५६: ८९) ।' यो कृति नारीवादी साहित्यिक समालोचनामध्येमा सर्वाधिक पढिएको कृति मानिन्छ (त्रिपाठी, मार्च २०६९: ७०)। केट मिलेटले यस कृतिमा परम्परागत साहित्यलाई पितृसत्ताको सामूहिक सञ्चेतना मान्दै पुरूषले महिलामाथि कायम गरेको आन्तरिक उपनिवेशलाई वर्ग विभाजनभन्दा पनि बढी सतर्कतापूर्वक गरिएको सूक्ष्म पीडादायी षडयन्त्र मानेकी छन् ।

पाश्चात्य नारीवादी समालोचनाका क्षेत्रमा एलेन सोवाल्टरले गाइनो क्रिटिकको अवधारणा अगाडि सार्दै पितृसत्ताले अवहेलना गरेको महिलाइतिहासको खोजी गर्नुपर्ने, महिलाद्वारा लिखित साहित्यको समीक्षा गर्नुपर्ने र महिला एवं पुरूषद्वारा लिखित साहित्यमा रहेको महिलाको उपस्थितिको लेखाजोखा गर्नुपर्ने कुरा औंल्याएकी छन् । यसरी समाज एवं साहित्यमा भएको महिलाको उपस्थितिलाई पुनः परिभाषित गर्ने तथा नयाँ कोणबाट महिलाको उपस्थिति दिने कुरा नै नारीवादी साहित्य तथा समालोचना हो (त्रिपाठी, २०६९: ७२) । कृष्ण गौतमका अनुसार "नारीवादले पुरूषले लेखेको साहित्यमा नारीको भूमिकाको खोजी गर्नुका साथै नारीलेखन कस्तो छ र त्यसमा उसले आफ्ना विचार र अनुभवहरू कसरी प्रस्तुत गरेकी छ भन्ने जस्ता कुराहरूको अध्ययन गर्दछ (गौतम, २०५०: ४१०) ।" यसरी महिला र पुरूषका बीचमा रहेका सबै प्रकारका विभेदहरूको अन्त्य गर्दै महिलाले पनि पुरूष जत्तिकै अधिकार एवं अवसर पाउनुपर्छ भन्ने लक्ष्य प्राप्तिका निम्ति गरिने सङ्घर्ष नै नारीवाद हो । उपर्युक्त लक्ष्य प्राप्तिका निम्ति साहित्य सिर्जना र समालोचनाका माध्यमबाट गरिने सङ्घर्ष नै नारीवादी साहित्य एवं समालोचनाको अध्ययनको क्षेत्र रहेको देखिन्छ ।

समयको परिवर्तनसँगै नारीवादी चिन्तनमा परेको प्रभावको फलस्वरूप नारीवाद विविध धारामा विभक्त हुन पुगेको छ । ती विविध धाराहरूमध्ये मूलधाराका पनि १. उदार (आदर्श) नारीवाद २. आमूल (उग्र) नारीवाद ३. मार्क्सवादी (क्रान्तिकारी) नारीवाद र ४. समाजवादी नारीवाद गरी चार हाँगाहरू रहेका देखिन्छन् । ती मध्ये सामाजिक असमानताका आधारभूत कारणमाथि आमूल (उग्र) नारीवाद र मार्क्सवादी नारीवादका बीचमा भएको बहसले समाजवादी नारीवादको जन्म भएको देखिन्छ ।

## उदार नारीवाद

नारीवादका विभिन्न धाराहरूमध्ये उदार नारीवादी धारा सर्वाधिक परिचित रहेको छ । यस धारालाई समानाधिकारको वकालत गर्ने धाराका रूपमा चिनिन्छ । महिलालाई सार्वजनिक क्षेत्रमा प्रवेश गर्न नदिने बाधा भनेका परिवार र घर गृहस्थी नै हुन् भन्ने मान्दै यस धाराले आफ्नो मुख्य ध्यान सार्वजनिक क्षेत्रमा केन्द्रित गरेको छ । यसले सार्वजनिक क्षेत्रमा प्रतिस्पर्धा गर्ने महिलाको व्यक्तिगत अधिकार प्राप्तिका लागि संघर्ष गर्दछ । व्यक्तिगत स्वतन्त्रताप्रति यसको गहिरो चासो रहेको छ । यसले सामाजिक बन्धनबाट महिलाको मुक्तिको वकालत गरेको छ । यस मुक्तिको अर्थ सरकार, राज्य र अझ बढी सांस्कृतिक रीतिस्थिति एवं दुराग्रहबाट मुक्ति हो । नागरिकता र पुरुषसँगको बराबरीको कुरा नै उदार नारीवादको दृष्टिकोणको केन्द्रविन्दु हो । उदारवादी नारीवाद महिला पनि पुरुष समान भएको र महिलाहरूले पनि पुरुषहरूले गर्ने जे काम पनि गर्न सक्ने भएकाले पुरुषले राज्य र समाजबाट जे जे पाएको छ महिलाले पनि त्यही त्यही पाउनुपर्छ भन्ने प्रयत्नतर्फ उन्मुख छ । उदार नारीवादको यही दृष्टिकोणका आधारमा नारीवादी चिन्तनका विरोधी तथा उदार नारीवादको आलोचना गर्ने अन्य नारीवादीहरूले उदार नारीवादलाई 'पुलिङ्गको ईर्ष्या' गरेको आरोप लगाएको पनि पाइन्छ । महिलाहरू पुरुषभन्दा भिन्न नभए तापनि उनीहरूलाई लिङ्गकै आधारमा अवसरबाट वञ्चित गरिन्छ भन्दै महिलालाई सामाजिक सहभागिता, सार्वजनिक जीवन र शिक्षा प्रदान गर्नेजस्ता कुरा पनि अस्वीकार भएसम्म सार्वभौम मानिएको मानवता पनि सार्वभौम हुन नसक्ने ठान्छन् । उदारवादी राजनीतिक सिद्धान्त अधिकारको सिद्धान्तका रूपमा फैलिएका बेला उदार नारीवादीहरूले यी अधिकारहरू महिला-पुरुष दुवैका लागि समान मात्रामा लागू हुनुपर्छ भन्ने धारणा राखेको पाइन्छ । उदार नारीवादीहरू समाजको क्रान्तिकारी परिवर्तनतर्फ नभई त्यसको क्रमिक सुधारतर्फ मात्रै अभिमुख भएको देखिन्छ । उनीहरूले समान अधिकारसम्बन्धी कुराका साथै लैङ्गिक विभेदको अन्त्य गर्ने कानुनको समर्थन गरे तापनि शिशुस्याहार केन्द्रको अभाव, महिलामाथिको दोहोरो जिम्मेवारी, पुरुषकेन्द्री आर्थिक व्यवस्था, महिला र पुरुषका कामको न्यायपूर्ण मूल्याङ्कनको अभावजस्ता पितृसत्ताद्वारा सृजितगम्भीर प्रच्छन्न संरचनात्मक बाधाहरूलाई पूर्णतः ठम्याउन सकेको देखिँदैन । आफ्नो लैङ्गिक वर्गका कारण महिलाहरू कसरी आर्थिक अधिकारबाट वञ्चित भएका छन् भन्ने कुरामा ध्यान केन्द्रित गर्नुका साथै सबै वर्गका महिलाको व्यक्तिगत स्वतन्त्रताको वकालत गरे तापनि तत्कालिन पितृसत्तात्मक सामाजिक संरचनाले त्यसलाई अस्वीकार गर्दछ । उदार नारीवादलाई विशेषतः नारीवादको तेस्रो धार/उत्तरनारीवादीहरूले नारीसमस्याका विविध पक्षलाई नसमेटी राजनीतिक क्षेत्रका अधिकारका कुरामा मात्र बढी केन्द्रित रहेको, सतही सुधारका कुराभन्दा अगाडि नबढेको, पितृसत्ता एवं पुँजीवादको गठबन्धनमाथि कडा प्रहार गर्न नसकेको, मध्यमवर्गीय शिक्षित गोरा महिलालाई मात्र महत्त्व दिएको भन्ने आरोप लगाउँदै आलोचना गरेको भए तापनि नारीवादी चेतनाको विकासक्रमको ऐतिहासिक भूमिका निर्वाह गर्ने सन्दर्भमा उदार नारीवाद उपलब्धिपूर्ण नै रहेको छ (त्रिपाठी, २०६९: ७५) । भर्जिनिया उल्फ, सिमोन द बुभायर उदारवादी नारीवादी समालोचनाका संस्थापक मानिन्छन् । यस

धाराका अन्य नारीवादीहरूमा मेरी उल्स्टोन क्राफ्ट (१७५९–९७) ह्यारिट टेलर (१८०७– ५८) जोन स्टुआर्ट मिल (१८०६–७३), एलिजावेथ केडी स्टन्टन (१८१५–१९०२) प्रमुख मानिन्छन् ।

## मार्क्सवादी नारीवाद

नारीवादका धाराहरूमध्ये मार्क्सवादी नारीवाद विशेष महत्त्वपूर्ण मानिन्छ । सन् १९६०–७० को दशकमा खास गरी बेलायतमा नारीवादका क्षेत्रमा अन्य साहित्यिक सिद्धान्तले झैँ मार्क्सवादले पनि आफ्नो प्रभाव विस्तार गऱ्यो । मार्क्सवादले नारीवादभित्र वर्ग विश्लेषणका सन्दर्भमा प्रवेश गरेको हो । 'मार्क्सवाद सुधारको नभएर परिवर्तनको दर्शन हो । नारीवादीहरू दर्शनको यसै पक्षबाट प्रभावित छन् किनभने लैङ्गिक विभेद हटाउन समाज जगैदेखि फेरिनु आवश्यक छ । समाजमा परिवर्तन ल्याउनका लागि त्यसको विश्लेषण गरिनु आवश्यक हुन्छ । समाज विश्लेषणको दरो आधार मार्क्सवादसँग रहेको छ । (त्रिपाठी, २०६९ : ८४)' मार्क्सवादबाट उक्त आधार ग्रहण गर्ने नारीवाद नै मार्क्सवादी नारीवाद हो ।

ऐतिहासिक भौतिकवादमा आधारित मार्क्सवादी नारीवादले आर्थिक संरचना र जीवनको भौतिक संरचनालाई नै लैङ्गिक असमानताका स्रोत मान्दछ ।घरभित्र र घरबाहिर दुबैतिर भएको महिलाको कामको शोषणको आधार लैङ्गिक विभेद हो । मार्क्सवादी नारीवादले महिलामाथिको पूँजीवाद र पितृसत्ताको दोहोरो शोषणको कुरा पनि उठाएको छ । यसले महिलाले गृहस्थ कर्म र शिशुको लालनपालनको पारिश्रमिक पाउनुपर्ने भन्दै केवल मायाकै भरमा मात्र व्यक्तिको जिम्मेवारी लिन नसकिने कुरा उठाएको छ । यसले ऐतिहासिक भौतिकवादी विश्वदृष्टिका आधारमा साहित्यिक कृतिको अध्ययन र वर्गीय एवं लैङ्गिक सम्बन्धको परीक्षण गर्दै पूँजीवादसँग अन्तर्सम्बन्धित पितृसत्तालाई पूर्णरूपमा समाप्त गर्न चाहन्छ । मार्क्सवादी नारीवादले ऐतिहासिक भौतिकवादी दृष्टिकोणलाई आफ्नो मूल आधार बनाएको छ । यसले समाजमा अवस्थित वर्गीय एवं लैङ्गिक विभेदलाई पूजीवादसँगको गठबन्धनमा रहेको पितृसत्तासँग सम्बन्धित मान्छ र साहित्यमा पनि पूँजीवादको गठबन्धनमा रहेको पितृसत्ताको अन्त्य गर्नुपर्ने आकाङ्क्षा र प्रयत्नमा रहनु पर्ने ठान्छ । मार्क्सवादले वर्ग विश्लेषण (आर्थिक वर्गविश्लेषण) लाई बढी जोड दिएको छ किन्तु मार्क्सवादी नारीवादले लैङ्गिक विश्लेषणलाई बढी महत्त्व दिँदै महिलामाथि हुने गरेका वर्गीय एवं लैङ्गिक दुवै किसिमका शोषणको अन्त्य हुनुपर्ने दृष्टिकोण प्रस्तुत गर्दछ (त्रिपाठी, २०६९: ९४) । प्रमुख मार्क्सवादी नारीवादी समालोचकहरूमा मिचेल ब्यारेट, इम्मा गोल्डमन, लिलियन एस रविन्सन, डुडिथ न्युटन डेबोरा आदि उल्लेख्य छन् ।

## आमूल (उग्र) नारीवाद

आमूल नारीवादी धाराले समाजमा विद्यमान महिला उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । आमूल नारीवादी धाराले महिला सबैभन्दा बढी घरभित्रै विभेदमा परेकी छ र त्यसको कारण नारी र पुरुषका बिचको वैवाहिक सम्बन्ध नै हो भन्दै त्यस्तो विवाहलाई पूरै निषेध गरेर महिला महिलाका बिचमा नै वैवाहिक सम्बन्ध स्थापित गर्नुपर्ने कुराको वकालत गरी नारी समलैङ्गिक नारीवाद ( लेस्बियन फेमिनिजम) को सिद्धान्तलाई अगाडि सारेको छ । सामाजिक परिवर्तनका सन्दर्भमा यस्तो कदम पितृसत्तात्मक समाजको मूलोच्छेदनको प्रवृत्तिको भएकाले यस नारीवादी धाराको नाम नै आमूल (उग्र) नारीवादी धारा रहन गएको देखिन्छ (त्रिपाठी, २०६९: ९४) । सुधारका माध्यमबाट महिला मुक्ति सम्भव छ भन्ने नलागेपछि सन् १९६८ मा एउटा समूह उदार नारीवादको समूहबाट अलग भयो । त्यसको नेतृत्व

टाइग्रेस एटकिन्सनले गरेकी थिइन् । क्रान्तिकारी कम्युनिष्टहरूले लैङ्गिक उत्पीडनलाई प्राथमिकताका साथ हेरेनन् भन्ने यिनीहरूको असन्तुष्टि थियो ।

क्रिस बिस्लेका अनुसार पुरुषले नारीलाई जसरी उत्पीडित तुल्याएको छ नारीले पनि पुरुषलाई त्यसरी नै उत्पीडित तुल्याउन किन नहुने भन्ने तर्क राख्ने नारीवाद उग्र नारीवाद हो भने उग्रनारीवादीहरूको मूल ध्येय यौन उत्पीडनका विरुद्ध सङ्घर्ष गर्नु हो (त्रिपाठी,२०६७: १२) । आमूल (उग्र) नारीवादका अनुसार पितृसत्ता भनेको पुरुष र पुरुषको प्रभुत्व रहेका सङ्गठनहरूका माध्यमबाट महिलाका विरुद्ध हिंसा गर्ने संस्था हो । फेसन र सुन्दरता, मातृत्वको आदर्श, एकल यौन सम्बन्ध, निशुल्क गृहस्थीकर्म, न्यून ज्यालादरजस्ता कुरा पितृसत्ताले महिलाको शोषण गर्न बनाएका माध्यमहरू हुन् भने स्वतन्त्रता, आकाङ्क्षा तथा अधिकार छोडेर घरगृहस्थीमै बाँच्न बाध्य बनाउने मातृत्वको आदर्श महिलामाथि शोषण तथा उत्पीडन गर्ने सबैभन्दा बलियो माध्यम हो । पितृसत्ताले आर्थिक, वैचारिक, कानुनी, सामाजिक आदि संरचनाका माध्यमबाट आफुलाई बलियो बनाउनुका साथै महिलाहरूमा आत्मविश्वास जाग्न नदिनका निम्ति अनेकौँ प्रपञ्चहरू गर्दछ (पौडेल, २०५९ : ८३) । आमूल (उग्र) नारीवादले उदार नारीवाद एवं मार्क्सवादी नारीवादका मान्यताभन्दा फरक मान्यता अघि सारेको छ । यसले आर्थिक वर्गका सट्टामा यौन वर्ग र पितृसत्तामा क्रमिक सुधारका सट्टा आमूल परिवर्तन आवश्यक छ भन्ने मान्यता अघि सारेको छ । यसले उदार नारीवादलाई मध्यम वर्गीय गोरा महिलाहरूको सङ्गठनका रूपमा मात्र सीमित भएको आरोप लगाउँदै त्यसमा काला जातिका महिलाहरू र समलिङ्गी महिलाहरू पनि समाविष्ट हुन सक्ने स्थिति नबनेसम्म नारीवादी आन्दोलनका निम्ति उदार नारीवाद प्रत्युत्पादक हुने समेत ठहर गरेको छ । यसले नारीहरूकै बिचमा भगिनीवत् सम्बन्ध स्थापित गर्दै परम्परागत पितृसत्ताले नारीहरूका सम्बन्धमा स्थापित गरेका सम्पूर्ण मूल्यमान्यताहरू नष्ट गर्नुपर्ने तथा नारीमाथि गरिने सबै प्रकारका शोषण एवं दमनको सशक्त प्रतिकार गर्नुपर्ने कुरा अगाडि सारेको छ । यसले नारीवादीहरूले नयाँ शक्ति, सामर्थ्य र उत्साहका साथ कुनै पनि जाति, वर्ण र वर्गका नारीहरूले कुनै पनि किसिमको शोषण, दमन तथा उत्पीडन सहनु नपर्ने नारीहरूको नयाँ विश्वको निर्माण गर्नुपर्ने विचार अगाडि सार्दै यसको प्राप्ति आमूल समलैङ्गिक नारीवादबाट मात्र सम्भव हुने कुरा गरेको छ (त्रिपाठी, २०६९: १०६-१०७) । यस धाराका समालोचकहरूमा म्याकिनन, फ्राइ, सुलामिथ फायरस्टोन, सराह हग्ल्यान्ड, क्याथरिन ब्यारी, एन्ड्रिया दोर्किन, एन्ड्रियन रिच, मेरी डेली, अड्रे लर्डे आदि उल्लेख्य छन् ।

## समाजवादी नारीवाद

सन् १९६०–७० का दशकमा आमूल नारीवाद र मार्क्सवादी नारीवादका बिचमा सामाजिक असमानताका आधारभूत कारणमाथि बहस भएको थियो । त्यही बहसले समाजवादी नारीवादलाई जन्मायो । समाजवादी नारीवादीहरू मार्क्सवाद भित्रका वर्गभेद र श्रम शोषण जस्ता केही कुरालाई स्वीकार गर्दछन् तर आमूल नारीवादीहरू झैँ यिनीहरू पनि पहिला वर्गको उदय भयो र त्यसैका आधारमा लैङ्गिक दमनको प्रारम्भ भयो भन्ने कुरा भने स्वीकार गर्दैनन् । समाजवादी नारीवादमा आमूल र मार्क्सवादी नारीवादका विपरीत थुप्रै कुराहरूको सम्मिश्रण रहेको पाइन्छ । यसमा कहिलेकाहीँ मनोविश्लेषणात्मक नारीवादको प्रभाव पनि देखिन्छ । समाजवादी नारीवादले एकातिर महिलामाथिको दमन असमान आर्थिक सामाजिक स्थितिका कारणले मात्र नभई मनोरचनाको भिन्नताका कारणले पनि भएको हो भन्छ भने अर्कातिर यसले द्वन्द्वात्मक भौतिकवादको प्रयोग गरी मार्क्सवादकै आधार र अधिरचनामा आधारित विश्लेषण पद्धति पनि अँगाल्छ । यसैले यस नारीवादले सामाजिक सङ्गठनका भिन्न प्रक्रियाका रूपमा रहेका पितृसत्ता र पूँजीवादलाई पनि दोषी ठहर्‍याउँछ । यिनीहरू लिङ्ग र वर्गलाई आफू आफूमा पूर्ण मान्छन् । यी दुई कुराका सम्बन्धका

बारेमा समाजवादी नारीवादीहरू गहिरो चिन्तन गर्दछन् । लिङ्ग र वर्गको बिचको सम्बन्ध भन्नु नै पितृसत्ता र पूँजीवादका बिचको सम्बन्ध हो । प्रारम्भमा यिनीहरूले जातीयताको कुरालाई महत्त्व नदिए तापनि पछि जाति तथा जनजातिसम्बन्धी बहसले पनि राम्रो स्थान बनाएको छ । यिनीहरू पारिवारिक जिम्मेवारी र आर्थिक एवं सामाजिक शक्तिको पुनः वितरणको माग गर्दछन् ।

समाजवादी नारीवादीहरू मार्क्सवादका केही कुराहरू स्वीकार गरे तापनि वर्गीय समाजको उत्पत्तिभन्दा पहिल्यै नारीहरू पुरूषका अधीनस्थतामा रहेकाले नारी दमन केवल वर्ग विभाजनमा मात्र आधारित छैन भन्ने कुरामा उग्र (आमूल) नारीवादसँग सहमत देखिन्छन् । त्यस्तै समाजवादी नारीवादीहरू नारी पुरूष सम्बन्धका परम्परागत सम्पूर्ण मूल्य मान्यतालाई ध्वंस गरी नारीहरूको समलैङ्गिक समाजको सिर्जना गर्नुपर्ने उग्र नारीवादका तर्कप्रति पनि सहमत छैनन् । समाजवादी नारीवाद यदाकदा मनोविश्लेषणात्मक नारीवादबाट पनि प्रभावित भएको पाइन्छ । 'समाजवादी नारीवादले लैङ्गिक आधारमा समाजको पुनः संरचना गरिनु पर्ने कुरालाई औंल्याएको छ । यो कतै मार्क्सवादी (क्रान्तिकारी) नारीवाद र कतै उग्र ( आमूल) नारीवादसँग निकट देखिन्छ । यसले आर्थिक वर्गको उत्पत्तिभन्दा पनि पहिले पुरूष प्रभुत्वको अस्तित्व रहेको कुरा स्वीकार गरेको छ । समाजवादी नारीवादीहरू वर्ग र लिङ्गका बिचको सम्बन्ध अन्योन्याश्रित रहेको मान्छन् अर्थात् उनीहरू पूँजीवाद र पितृसत्तालाई अन्योन्याश्रित ठान्छन् । घरेलु कामकाजको पुनर्विभाजन र समान कामका निम्ति समान पारिश्रमिकको सिद्धान्तलाई समाजवादी नारीवादले आफ्नो मूलः अभीष्ट बनाएको देखिन्छ । (त्रिपाठी, २०६९ : १११-११२)' यस धाराका प्रमुख समालोचकहरूमा जिलाह इसेनिटन, जुलियट मिचेल, शिला रोथबम प्रमुख रूपले उल्लेख्य छन् । नारीवादी साहित्य चिन्तनमा देखिएका उपर्युक्त चारवटा नारीवादी धारालाई मूल धाराका रूपमा लिने गरिन्छ ।

सन् १९९० को दशकबाट पाश्चात्य नारीवाद उदार, मार्क्सवादी, आमूल र समाजवादी नारीवादी धाराहरूमा मात्र सीमित रहेन । ज्ञानविज्ञानका फाँटमा विकसित भइरहेका विभिन्न सत्य एवं सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, मनोवैज्ञानिक आदि कारणले नारीवादमा पनि विविधता देखिएको छ । यसरी नारीवादी आन्दोलनमा मनोविश्लेषणात्मक नारीवाद,उत्तरसंरचनावादी नारीवाद, उत्तरआधुनिक नारीवाद, जाति/जनजातिगत सांस्कृतिक नारीवादी धारा, काला नारीवादी धारा, काला समलैङ्गिक नारीवादी धारा, उत्तरउपनिवेशवादी नारीवादी धारा, उत्तरनारीवादी धारा, नारीवादी तेस्रो धार आदि विभिन्न धाराहरू पनि देखा परेका छन् ।

## नारीवादी चिन्तनका विविध पक्षको प्रभाव

आदिम युगमा नारीहरू सबै कुरामा स्वतन्त्र थिए, बरु नारीको तुलनामा पुरुषहरू नै कमजोर, पीडित तथा कुण्ठित थिए । आफ्ना बहुसङ्ख्यक सहभागीहरूको समर्थनसहित मोर्गनको के निष्कर्ष छ भने 'एक त्यस्तो आदिम अवस्था थियो, जब एउटा जातिभित्र स्वच्छन्द यौनसम्बन्ध प्रचलित थियो ; तसर्थ प्रत्येक स्त्रीमाथि प्रत्येक पुरुषको र प्रत्येक पुरुषमाथि प्रत्येक स्त्रीको समानरूपले अधिकार रहन्थ्यो । (एन्गेल्स, २०५६ : ३८)' त्यस युगमा स्वयंले जन्म दिने भएकाले आमाको निश्चित परिचय स्वतःसिद्ध थियो परन्तु बाबुको परिचय अनिश्चित थियो । यसको परिणामस्वरूप पुरुष बढी कुण्ठित, ईर्ष्यालु तथा झगडालु भयो । 'यस्तोसामूहिक विवाहको घेरा पहिले निकै व्यापक थियो तर पछि गएर यो घेरा साँघुरिँदै गयो र अन्ततोगत्वा वर्तमान समयमा प्रचलित युग्म परिवारको स्थितिमा पुग्यो । (एन्गेल्स, २०५६ : ३८)' युग्म परिवारमा पुग्नका निम्ति पुरुषले नारीमाथि धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक

लगायत अनेक किसिमका बन्धन तथा नियमहरू सृजना गरी तिनलाई लागु गर्न साम, दाम, दण्ड, भेदका सबै रणनीतिहरू प्रयोग गऱ्यो । यसो भए तापनि न त पुरुष आफै पूर्ण अनुशासित बन्नसक्यो न त नारीलाई पूर्णरूपमा आफुले चाहेजस्तो यौनअनुशासनमा राख्न सफल भयो । ताली बजाउन दुवै हातको भूमिका रहेझैँ अहिलेको युग्म परिवारसम्म आइपुग्दा पनि यौनअनुशासन भङ्ग गर्न दुवै पक्षको उत्तिकै भूमिका रहेको पाइन्छ यद्यपि यसका निम्ति पुरुषले नारीलाई दोषी देखाउन बढी प्रयत्न गरेको पाइन्छ र यो नै असफलताको एउटा कारण पनि हो । पुरुषको अचेतनमा अझै पनि आदिम अवस्थाका सन्देह, ईर्ष्या, कुण्ठा आदि रहेकै पाइन्छ भने नारीको अचेतनमा पनि कुनै न कुनै रूपमा आदिम यौन उन्मुक्तिको संस्कार रहेको कुरा कतिपय नारीवादी नारीलेखकका लेखनमा प्रस्टै देखिन्छ । त्यसैले नारीमात्र होइन पुरुष पनि मुक्त छैन र मुक्तिका लागि नारी र नर (नरनारी) दुवै पक्ष कुण्ठा/मनोग्रन्थीमुक्त हुनु आवश्यक छ किन्तु संसारका सबै नारी र नर (नरनारी) कुण्ठा/मनोग्रन्थीमुक्त हुनु जटिल मात्र नभएर असम्भव नै छ ।जसरी आधुनिक मनोविज्ञान र शिक्षाले परम्परागत धार्मिक तथा सांस्कृतिक आदर्श एवं अनुशासनलाई भञ्जन गरे तापनि नवीन आदर्श एवं अनुशासनको स्थापना गर्न सकेको छैन त्यसरी नै पुरुषद्वारा नारीमाथि गरिएको निर्मम अत्याचार र शोषणको अन्त्य गर्न सकेको छैन । मनुस्मृति लगायत कतिपय प्राचीन ग्रन्थहरूमा कौमार्यमा पिताले नारीको रक्षा गर्दछ, विवाहपश्चात् पतिले नारीको रक्षा गर्दछ र वृद्धावस्थामा छोराहरूले नारीको रक्षा गर्दछन् भनेर कुनै पनि स्थितिमा नारीकोस्वतन्त्र व्यक्तित्व एवं अस्तित्वलाई अस्वीकार गरिएको पाइन्छ । अझै पनि नारीको व्यक्तित्वलाई सधैँ कसैकी छोरी, कसैकी दिदी/बहिनी, कसैकी पत्नी या कसैकी आमाका रूपमा मात्र अर्थ्याइन्छ । विवाहपश्चात् नारीको आफ्नो नाम र थर समेत फेरिन्छ ।

हजारौँ वर्षदेखि नारीहरूलाई शिक्षाको अवसरबाट वञ्चित गरियो ; परिणामस्वरूप उनीहरू आत्मनिर्भर बन्ने प्रयास नै गर्न सकेनन् । आत्मनिर्भर नबन्नाले नारीहरूलाई आफ्नो नियन्त्रणमा राख्न पुरुषहरूलाई सहज तथा सरल भयो । परन्तु अशिक्षित नारीको तात्पर्य अशिक्षित आमा, अशिक्षित पत्नी, अशिक्षित दिदी/बहिनी, अशिक्षित पुत्री अर्थात् जीवनका सबै क्षेत्र एवं तहमा नारी अशिक्षित रहे अनि शिक्षित पुरुष र अशिक्षित नारीका बीच समन्वय एवं सामञ्जस्य स्थापित गर्न असम्भव भयो । परिणामस्वरूप शनैः शनैः नारीको स्थिति दासीको जस्तो र पुरुषको स्थिति मालिकको जस्तो हुनपुग्यो । कालान्तरमा नारीहरूले लोग्नेलाई मालिककै पर्यायवाची शब्द पति/स्वामी भनेर सम्बोधन गर्दै स्वयंलाई दासी स्वीकार गर्न पुगे ; जसको परिणामस्वरूप आत्मीय प्रेम समाप्त भयो । (ओशो, २०१० : ३५७)

नारी र पुरुषको व्यक्तित्वमा आधारभूत एवं नैसर्गिक भिन्नता छ र त्यो भिन्नता कल्याणकारी एवं सृजनशील छ । त्यही भिन्नता नारी र पुरुषका बीचको आकर्षण तथा सृष्टिको निरन्तरताको कारण हो । यदि त्यो भिन्नता समाप्त भएर नारी पुरुष झैँ परुष वा पुरुष महिला झैँ स्त्रैण भएको अवस्थामा सृष्टिको नियमको तालमेल भताभुङ्ग हुनजान्छ । त्यसैले नारी र पुरुष दुवैलाई शिक्षामा समान तथा पूर्ण अवसर हुनुपर्छ परन्तु शिक्षा प्रणालीको विकास अत्यन्त सोचविचार एवं समझदारीपूर्वक सन्तुलित रूपमा गरिनुपर्दछ परन्तु अहिले विश्वमा प्रचलित शिक्षापद्धति, पुरुषहरूले हजारौँ वर्षदेखि नारीहरूप्रति गरेको अत्याचार, शोषण-दमन र क्रूर व्यवहारको परिणामस्वरूप नारीहरूमा विकसित प्रतिकार एवं बदलाको भावना तथा विविध प्रशिक्षणले गर्दा महिलाहरूमा समेत परुषताको विकास हुँदैछ । यसको परिणाम जीवनजगत् र मूलतः मानवसभ्यताका लागि दुःखद एवं प्रत्युत्पादक हुने कुरामा सन्देह छैन । नारी र पुरुष दुवैको प्राकृतिक/आधारभूत भिन्नतालाई दृष्टिगत गरी दुवैपक्षलाई आआफ्नो दिशामा समशिक्षित एवं समविकसित गरी समकक्षमा स्थापित गर्नु नै आजको शिक्षाको आवश्यकता हो । (ओशो, २०१० : ३५९) नारीवादी चिन्तक जुलिया क्रिस्टेवाका मतानुसार पत्रकारिता, व्यापार, राजनीति तथा

कानुनव्यवसायजस्ता पुरुषबाहुल्य क्षेत्रमा काम गर्ने महिलाहरूलाई प्रायः 'कतै तिनका पुरुष प्रतिद्वन्द्वीले पुरुषको जस्तो स्वभाव भएका चरित्रहीन नारीका रूपमा देख्न वा बुझ्न थाल्ने त होइनन् ?' भन्ने डर हुन्छ । क्रिस्टेवाका विचारमा उक्त डरबाट मुक्ति पाउन धेरै नारीहरू जिस्किने तथा लजाउनेजस्ता कथित स्त्रीयोचित गुणको प्रदर्शन गर्न थाल्दछन् । नारीत्वको यस्तो प्रदर्शनमार्फत् तिनीहरू आफूलाई "पुरुषको जस्तो स्वभाव भएकी महिला" वा "चरित्रहीन चेली" जस्ता संज्ञा वा उपनामबाट बँचाउन खोज्छन् । ( उप्रेती, २०६८ :२३७) जुलिया क्रिस्टेवाको यो भनाइले एकातिर पितृसत्तात्मक समाजमा पुरुषमा रहेको सङ्कुचित सोचलाई अभिव्यञ्जित गरेको छ भने अर्कातिर नारीवादले कतै स्त्रीलिङ्गवाद वा पुरुषलिङ्गवादलाई प्रश्रय त दिइरहेको छैन भन्ने आशङ्का उत्पन्न गर्छ ।

कुनै दुई सर्वतन्त्र स्वतन्त्र व्यक्तिका बीचमा मात्र मैत्रीपूर्ण प्रेमसम्बन्ध स्थापित हुनसक्छ । नारीको व्यक्तित्वको शोषणको परिणामस्वरूप नारी र पुरुषका बीचमा स्वस्थ मैत्रीपूर्ण प्रेमसम्बन्ध असम्भव झैँ प्रतीत हुन थालेको छ । जबसम्म नारीले नारी हुनुको नैसर्गिक अर्थबोध गरी आफ्नो सम्पूर्ण आयामको विकास गरेर स्वतन्त्र व्यक्तित्वको स्थापना गर्न सक्तैनन् अथवा नारीको स्वतन्त्र व्यक्तित्वको स्थापनामा बाधा पुऱ्याइन्छ तबसम्म परिवार, समाज, राष्ट्र र विश्व नै मैत्रीपूर्ण हुन सक्तैनन् । नारीसम्बन्धी फ्रायडीय मनोविश्लेषण पनि युक्तिसङ्गत देखिदैन र 'लिङ्ग नभएको अपूर्ण मान्छे नारी हो भन्ने फ्रायडीय मनोविश्लेषणको मान्यता नारीवादीहरूलाई स्वीकार्य छैन । नारीको पहिचान लिङ्गको अभावमा छ । लिङ्गको अभावका कारण कतिपय नारीहरू लिङ्गईर्ष्याले रोगी हुन्छन् भने अन्य कतिपय नारीहरू हीनताभावले ग्रस्त हुन्छन् भन्ने मान्यतालाई नारीवादीहरूले पौरुष तथा पितृसत्तात्मक मानेर अस्वीकार गरेका छन् । नारीवादी मनोविश्लेषकहरूको रायमा नारीहरू अपूर्णझैं भएका लिङ्ग नभएर होइन, लिङ्गवान्हरूसित जुन शक्ति छ त्यो नभएर हो । पुरुषहरू शक्तिमा छन्, उनीहरू नारीलाई दबाउँछन्, फलतः पराधीन नारीहरू पुरुषझैं पूर्ण कसरी देखियून् । फ्रायडमा जैवनियतिवाद (बायोलजिकल डिटर्मिनिजम) प्रबल छ । उनी नारीहरूमा लिङ्गाभावका कारण अपूर्णता देख्छन् परन्तु नारीवादीहरूका विचारमा संस्कृति तथा सामाजिक मान्यताले नारीलाई होच्याएको हो । नारीवादीहरूका मतमा पुरुषले नारीलाई स्वपीडक, आत्मरत र निर्बल बनाएर आफ्नो पुतली बनायो । (गौतम, २०६७ : २५०-२५१) ।' बरु नारीको व्यक्तित्व नैसर्गिक रूपमै ऋणात्मक, निष्क्रिय एवं ग्रहणशील हुने र पुरुषको व्यक्तित्व नैसर्गिक रूपमै धनात्मक, सक्रिय तथा आक्रामक हुने भएकालेसामान्यतः नारी ईर्ष्याग्रस्त हुन्छन् भने पुरुष अहंकारग्रस्त हुन्छन् किनभने अहंकार निष्क्रिय भएमा ईर्ष्यामा परिणत हुन्छ तथा ईर्ष्या निष्क्रिय भएमा अहंकारमा परिणत हुन्छ । ईर्ष्या भनेको निष्क्रिय भएको अहंकार र अहंकार भनेको सक्रिय भएको ईर्ष्या हो । यस्ता मनोग्रन्थीबाट मुक्त नभएसम्म महिलाहरू ईर्ष्यामुक्त तथा पुरुषहरू अहंकारमुक्त हुनसक्तैनन् । पुरुषको मूल दुर्गुण अहंकार हो भने महिलाको मूल दुर्गुण ईर्ष्या हो । जबसम्म महिला ईर्ष्यामुक्त हुँदैनन् तबसम्म उनीहरू पूर्णरूपमा महिला हुँदैनन् ; त्यसरी नै जबसम्म पुरुष अहंकारमुक्त हुँदैनन् तबसम्म पूर्णरूपमा पुरुष हुँदैनन् ।ईर्ष्यामुक्त महिला र अहंकारमुक्त पुरुषले मात्र जीवनको सम्पूर्णतालाई समग्रतामा स्वीकार गर्न सक्छन् । अन्यथा जतिसुकै चर्का कुरा र आक्रामक व्यवहार गरे पनि नारी तथा पुरुष दुवैको मुक्तिको सान्दर्भिकता रहँदैन । जब उनीहरू पूर्ण हुन्छन् तब भौतिक शरीरको भिन्नताबाहेक महिला एवं पुरुषमा कुनै भिन्नता नै रहँदैन ; यस्तो स्थितिमा नारी एवं पुरुष स्वतः मुक्त हुन्छन् । परन्तु यसरी व्यक्तिगत प्रयासमा प्राप्त हुने मुक्ति पनि वैयक्तिक हुने हुँदा समष्टि नारीमुक्तिका लागि नारी र पुरुषका प्राकृतिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक समस्या एवं जटिलताहरूको पहिचान गरी समाधानका लागि समष्टिगत प्रयास गरिनु पर्दछ ।

वास्तवमा नारीहरू न त पुरुषहरूभन्दा हीन हुन् न समान हुन् न त विशिष्ट नै हुन् अपितु पुरुषभन्दा नितान्त भिन्न हुन् । जबसम्म नारीहरूले आफ्नो पृथक व्यक्तित्वको दृष्टिले विचार गर्न प्रारम्भ गर्दैनन् तबसम्म नारीहरू या त पुरुषहरूका दास हुन्छन् या त पुरुषहरूका अनुयायी बन्छन् । वर्तमान विश्वमा चलिरहेको नारीवादी आन्दोलनमा पनि नारीहरू पुरुषजस्तै बन्ने प्रतिस्पर्धामा रहेको देखिन्छ । नारीहरूले पनि स्वयंलाई पुरुषहरूसरह हिंसात्मक युद्धमा सबल एवं सफल प्रमाणित गर्ने स्पर्धा गरेको देखिन्छ । यदि नारीहरूले पुरुषका निम्ति सहज एवं स्वाभाविक कसरत तथा युद्धकलामा प्रतिस्पर्धा गर्ने हो भने उनीहरू पुरुषहरूभन्दा पछि नै रहन्छन् । अपवादस्वरूप यदि कुनै नारी उक्त प्रतिस्पर्धामा सफल भएको अवस्थामा उक्त नारीमा नारीसुलभ प्रेम, वात्सल्य, सौन्दर्य, माधुर्य, कमनीयताजस्ता स्वाभाविक स्त्रैण गुण एवं विशेषताहरू पनि समाप्त हुन्छन् । कतिपय खेलका विजेता विश्वप्रसिद्ध महिला खेलाडीहरूमा क्रमिकरूपमा केही पुरुषसुलभ गुण एवं स्वभावको विकास भएको देखिनुले पनि उक्त कुराको पुष्टि गर्दछ । नारी र पुरुष दुवैलाई दिइने एउटै शिक्षादीक्षा र समानताको भावले नारीहरूलाई पुरुषको अनुकरणमा निर्मित गरिँदै छ र यसबाट वर्तमानमा नारीवादीहरू प्रफुल्लित भए पनि मानवसभ्यताको स्वाभाविक विकासमा नकारात्मक प्रभाव पर्ने सुनिश्चित छ । 'यसबाट घरहरू क्रमशः भवनमा परिणत हुनेछन् । होटल र घरमा कुनै भिन्नता रहने छैन । परिवार बन्नका निम्ति परिवारका केन्द्रमा नारीसुलभ गुण एवं हृदय भएका वास्तविक नारीको आवश्यकता पर्दछ । अन्यथा सँगै बस्ने स्त्रीपुरुषको सङ्ख्या बढ्दै जानु र पतिपत्नी एवं परिवारको सङ्ख्या घट्दै जानुको विकल्प छैन । माता एवं सन्तानको सम्बन्ध समाप्त भई केवल परिचारिका र बच्चाको सम्बन्धमात्र शेष रहनुको विकल्प छैन । (ओशो, २०१० :९२)'

मानवजीवनको दैनिक व्यवहारका साना साना कुराले पनि मानवीय विकास, मनोविकास एवं व्यवहारमा प्रभाव पार्दछन् । नैसर्गिक रूपले नै नारी एवं पुरुषको शरीररचना एवं मनोरचनामा भिन्नता हुने हुँदा स्त्री एवं पुरुषका लागि शिक्षा, खेलकुद एवं पोसाक पनि तदनुरूप नै हुनु नितान्त आवश्यक छ । युद्धाभ्यास एवं युद्धसम्बन्धी हिंसात्मक खेलहरूको अभ्यासले नारीहरूमा पनि पुरुषसरह हिंसात्मक प्रवृत्तिको विकासमा मद्दत पुऱ्याउँछ । त्यसरी नै मानिसको पहिरनले समेत उसको प्रवृत्ति एवं व्यक्तित्वलाई प्रभावित गर्दछ । कसिलो पहिरनले मानिसलाई आक्रामक बनाउँछ भने हलुका एवं शिथिल पहिरनले शिथिलता एवं शान्ति प्रदान गर्दछ । मनुष्यको निर्माणमा पहिरनको समेत भूमिका हुन्छ भने शिक्षाको त महत्त्वपूर्ण भूमिका हुनु स्वाभाविकै हो । त्यसैले अब नारीहरूका लागि त्यस्तो शिक्षाको आवश्यकता छ जसले नारीहरूमा अन्तर्निहित नारीका नैसर्गिक गुणहरूको विकास गरी शान्तिमा आधारित नयाँ सभ्यताको प्रादुर्भाव गर्न सकोस् । पुरुषद्वारा प्रादुर्भूत पितृसत्तात्मक सभ्यताले आजसम्म हजारौं युद्धहरू दिएको छ । यसले जाती, धर्म, वर्ण, लिङ्ग, क्षेत्र आदि अनेक आधारमा अरबौं मानिसको रगत बगाइसकेको छ । यस अर्थमा पुरुषनिर्मित हिंसात्मक पितृसत्तात्मक सभ्यता पूर्णतः असफल भइसकेको छ । परन्तु वर्तमानमा पुरुषप्रधान सोच, विचार एवं दर्शनद्वारा दीक्षित भएकोले नारीवाद पनि गलत दिशातर्फ गइरहेको प्रतीत भइरहेको छ । वर्तमान नारीवादले नारीका नैसर्गिक गुण तथा विशेषताको विकासमा जोड दिनुको अपेक्षा जानेर वा अनजानमा नारीमा पनि पुरुषको झैँ हिंसात्मक सोच, विचार, दर्शन र व्यवहारको प्रशिक्षण दिइरहेको देखिन्छ । पृथ्वीलाई समाप्त गर्न केवल पुरुषमात्र पर्याप्त भएको अवस्थामा नारीलाई पनि पुरुषकै सोच, दर्शन र व्यवहारमा दीक्षित गर्नाले मानव जातिको अन्त्य अझ सन्निकट आउने देखिन्छ ।

नारीहरूले स्वयंमा अन्तर्निहित नैसर्गिक गुण तथा विशेषताहरूलाई पहिचान गरी तिनको विकास गर्ने हो भने सम्पूर्ण हिंसात्मक क्रियाकलाप एवं युद्ध सदाका लागि विदा गर्न सकिने सम्भावना रहेको छ । परन्तु पुरुषद्वारा प्रशिक्षित नारीहरूबाट यो कुरा सम्भव छैन । नारीहरूभित्र समस्त सृष्टिको आधाभन्दा बढी शक्ति सुषुप्तरूपमा रहेको हुन्छ । आधा शक्ति नारीशक्ति हो भने सम्पूर्ण बालबालिकाहरू पनि स्त्रीकै

सान्निध्य एवं छत्रछाँयामा हुर्किने भएकाले उनीहरूलाई पनि नारीहरूले चाहेअनुरूप परिवर्तित गर्न सक्छन् । यस तात्पर्यमा आधाभन्दा बढी शक्ति नारीमा अन्तर्निहित रहेको छ । अतः समस्त नारीशक्तिले चाहेमा संसार परिवर्तित हुनसक्छ ; परन्तु यो कुरा पुरुषबाट प्रशिक्षित एवं पुरुषकै गुणमा विकसित नारी र नारीवादबाट सम्भव छैन ।

संसार परिवर्तित गर्नका निम्ति समस्त नारीशक्तिले आफ्नो व्यक्तित्व, आफ्नो शरीररचना, आफ्नो मनोरचना, आफ्नो चेतना पुरुषभन्दा भिन्न छ र यसले पुरुषभन्दा पृथक मार्गबाट जीवनलाई गतिशील तुल्याउन सक्छ भन्ने कुरा अनुभूतिका तहमा स्पष्ट बोधहुनु आवश्यक छ । पुरुषप्रधान शिक्षण संस्थाहरूमा पुरुषकै चिन्तन र दर्शनमा जसरी नारीहरूलाई दीक्षित गरिदै छ ; नारीवादकै नाममा समेत नारीहरूलाई जसरी पुरुषकै अनुकरण/देखासिकी गराइँदै छ ; भविष्यमा परिणामस्वरूप पृथ्वीमा स्त्रीको शरीरमा स्थित र पुरुषको शरीरमा स्थित गरी केवल दुई किसिमका पुरुषहरू मात्र रहनेछन् । सृष्टि तथा मानवसभ्यताका लागि त्योभन्दा भयावह अर्को दुर्भाग्य हुनेछैन । तसर्थ नारीवादको जिम्मा स्त्रीको शरीरमा स्थित र पुरुषको शरीरमा स्थित पुरुषका हातमा नदिई वास्तविक नारीहरूले स्वयं लिनुपर्ने बेला आएको छ ।

## नेपाली साहित्यमा नारीवादी लेखन

नेपाली नारीवादी आन्दोलनको कुरा गर्दा योगमायालाई स्मरण गर्नु न्यायसङ्गत नै हुन्छ । यसो भए तापनि नारीमाथि हुने शोषण, अन्याय र अत्याचारका विरुद्ध कलम चलाउने काम २००७ सालपछि मात्र भएको पाइन्छ । यद्यपि नेपाली लोकसाहित्यका गीत तथा गाथाहरूमा पनि नारीका विद्रोहका स्वरहरू भेटिन्छन् । "हुन त तीजमा पितृसत्ताकै मान्यतामा पुरुषकै दीर्घायुका लागि सबै धार्मिक सांस्कृतिक क्रियाकलाप गरिन्छ तर त्यहीभित्रबाटै विद्रोहको स्वर त्यस मानक विरुद्ध घन्किन्छ । (श्रेष्ठ, २०६८ : ७१)" विधवाका पीडासँग सम्बन्धित कतिपय लोकगाथाहरूमा पनि असन्तुष्टिका सूक्ष्मस्वर भेटिन्छन् । 'पितृ सत्तात्मक संरचनाभित्र विद्यमान छिद्रबाट विधवा महिला र अन्य सबाल्टर्नका इतिहास पनि टुक्राटाक्री अवस्थामा फेला पार्न सकिन्छ । (श्रेष्ठ, २०६८ : ७६)' नेपालमा प्रगतिवादी आन्दोलनपश्चात्नारी एवं पुरुष दुवैबाट नारीमुक्तिको चिन्तन प्रारम्भ भएको पाइन्छ । नारीवादी चेतनाकै सापेक्षतामा सर्वप्रथम पारिजातले नै आफ्ना कविता, कथा, उपन्यास र निबन्धमा कलम चलाएको पाइन्छ । यसरी 'रजस्वला, गर्भधारण, प्रजनन, प्रसव वेदना, नैसर्गिक मातृत्व आदिका कारण अनुभूतिका आधारमा नारीहरू पुरुषभन्दा धनी भएकाले नारीको स्थान उच्चतम छ भन्दै पुरुषलाई सामाजिक बनाउने र श्रम गर्न सिकाउने कुरामा पनि नारीको उच्च भूमिका रहेको मान्ने पारिजातको नेपाली नारीवादी आन्दोलनमा महत्त्वपूर्ण भूमिका रहेको छ । (चैतन्य, २०५४ : ८०)' यसरी चैतन्यले नेपाली नारीवादी आन्दोलनमा पारिजातको महत्त्वपूर्ण भूमिका रहेको कुरा व्यक्त गरेका छन् भने तुलसी भट्टराईका अनुसार पारिजात 'मूलतया-मानवतावादी, नारीअस्तित्ववादी, नारी अहं तथा अस्मितावादी, नारी हृदयस्पर्शी, नारीमनोबल र सम्मान, स्वतन्त्रता र आत्मनिर्भरता-उत्थानवादी लेखिका हुन् (भट्टराई, २०५१ : २६) ।' महिलाहरूको मुक्तिको सङ्घर्षका सम्बन्धमा पारिजातको दृष्टिकोण "महिलाहरूले आफ्नो हक र अधिकारका निम्ति अर्थात् आफ्नो मुक्तिका निम्ति आफैले लड्नुपर्छ तर महिलाहरूको यो युद्ध पुरुषविरुद्धको युद्ध होइन । महिलाहरूको युद्ध भनेको पुरुषहरूलाई मात्र छुट दिने सामाजिक व्यवस्थाको विरुद्धको युद्ध हो । (अधिकारी, २०५१ : १३९)" भन्ने रहेको पाइन्छ । 'सुन्दरता र यौनप्रतीकबाट झिकेर स्वास्नी मान्छेहरूको अस्मितालाई सङ्घर्षको क्यानभासमा टाँगिन दिनुपर्छ । (चैतन्य, २०५१ : १३)' भन्ने आग्रह गर्ने पारिजातको नेपाली साहित्यमा नारीवादी लेखनको उठानमा महत्त्वपूर्ण योगदान रहेको छ ।यसपछि कुन्ता शर्माले २०४५/४६ तिर

आफ्ना कवितामा नारीवादी प्रवृत्तिलाई प्रस्तुत गरेकी छन् । सुधा त्रिपाठीको २०५४ सालमा प्रकाशित निःश्वासका गुजुल्टाहरू नामबाट प्रकाशित एकाङ्की सङ्ग्रहमा पनि नारीवादी चेतना अभिव्यक्त भएको छ ।

कृष्ण गौतमको समालोचना लेखनको मूल प्रवृत्ति नारीवादी नभए तापनि उनले 'पारिजात : मैले नजन्माएको छोरो कथामा' शीर्षकको समालोचनात्मक लेखमा नारीवादलाई मनोवैज्ञानिक दृष्टिकोणसँग मिसाएर नारीवादी समालोचनाको प्रारम्भ गरेका छन् । त्यसपछि २०५० सालमा बालकृष्ण समको प्रल्हाद नाटकलाई **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**नामक आफ्नो पुस्तकमा अन्य समालोचना पद्धतिका साथै नारीवादी समालोचना पद्धतिका आधारमा पनि विश्लेषण गरेका छन् ।'सुधा त्रिपाठीले २०४९ सालमा उन्नयन पत्रिकाको भिक्षु विशेषाङ्कमा 'कथाकार भवानी भिक्षु र उनका नारीपात्र' शीर्षकमा प्रकाशित समालोचनामा पुरुषद्वारा लिखित नेपाली साहित्यमा महिलाको छविलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको खोजीको प्रारम्भ गरेको पाइन्छ । यसपछि उनका केशवराज पिँडालीको **एकादेशकी महारानी** उपन्यासका नारीपात्र (उन्नयन), भानुभक्तको नारीसम्बन्धी दृष्टिकोण (अस्मिता अङ्क २५, २०५१), सिङ्गो नेपाली साहित्यमा प्रस्तुत भएको महिलाको अधकल्चो छवि (अस्मिता अङ्क २६, २०५१), समको चिसो चुल्हो महाकाव्यमा प्रस्तुत नारीको स्वरूप (कुञ्जिनी), नारीवादी कोणबाट सहयात्री उपन्यासको विश्लेषण (शार्दूल), विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासमा इन्द्रमायाको प्रस्तुतीसम्बन्धी दृष्टिकोणको समीक्षा (कुञ्जिनी) आदि समालोचनामा नेपाली साहित्यमा प्रस्तुत नारीसम्बन्धी पुरुष दृष्टिकोणको विश्लेषण एवं मूल्याङ्कन गरेको पाइन्छ (त्रिपाठी, २०६९ : १८६) ।' सुधा त्रिपाठीले नारीद्वारा सिर्जित साहित्यमा रहेको नारी सम्बन्धी दृष्टिकोणको अध्ययनको प्रारम्भ 'नारीवादी चेतनाको संवाहकका रूपमा मानुषी कविता' शीर्षकको कविताको नारीवादी विश्लेषणमा आधारित समालोचनाबाट गरेको भेटिन्छ ।

अन्य किसिमका समालोचनाका साथै नारीवादी समालोचनाका फाँटमा पनि कलम चलाउने पुरुष लेखकमा रमेश भट्टराई पनि पर्दछन् । उनले २०५१ सालमा अस्मिताको अङ्क २६ मा नारीवादी कोणबाट विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको विश्लेषण गरेका छन् । त्यस्तै डा.केशवप्रसाद उपाध्यायले २०५२ सालमा गरिमा वर्ष १३, अङ्क ६ मा प्रकाशित 'नारीवादी लेखन र गोपालप्रसाद रिमाल' शीर्षक समालोचनामा रिमाल आदर्श नारीवादी लेखक रहेको निष्कर्ष दिएका छन् । डा.ऋषिराज बरालले २०५२ सालमा गरिमा वर्ष १३, अङ्क ८ मा 'नारीवादी समालोचना कि नारीमुक्ति समालोचना' शीर्षकको समालोचनात्मक लेखमा नारीवादी समालोचनाले सही बाटो समात्ने हो भने यसले मार्क्सवादलाई आफ्नो चिन्तन धरातल बनाई आफूलाई नारीवादी समालोचनाबाट नारीमुक्ति समालोचनामा परिवर्तित गर्नुपर्ने निष्कर्ष निकालेका छन् । कृष्ण धराबासीले पनि नारीवादी सिर्जना तथा समालोचना दुवैमा योगदान गरेका छन् भने आफ्नो मूल प्रवृत्ति नारीवादी नभए पनि नन्दमाया नकर्मी, ज्ञानु पाण्डे, रमा सिवाकोटी, हिरण्यलाल ज्ञवाली, मधुसुदन गिरी, नेत्र एटम, दुर्गाबहादुर घर्ती, यादवप्रसाद शर्मा, कल्पना लुँइटेल, रजनी ढकाल, साधना पन्त 'प्रतीक्षा', गीता त्रिपाठी, नवराज पौडेल, अम्बिकादेवी निरौला, डि.डि.अधिकारी,सावित्रा पाण्डे, राधिकादेवी गुरागाईं, अम्बिका गौतम, अमृता भट्टराई, शान्तिमाया गिरी, शारदा लामिछाने, उषा आचार्य, पदमसिंह बडाल आदिले पनि नारीवादी कोणबाट समालोचना गरेको भेटिन्छ ।

पारिजातपछि नारीवादी साहित्य सिर्जनामा उपन्यासका फाँटमा गीता केशरी, पद्मावती सिंह, मनीषा गौचन आदि तथा कथाका फाँटमा माया ठकुरी, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, सुधा त्रिपाठी आदिको

उल्लेख्य योदान रहेको देखिन्छ । अहिले नारीवाद नेपाली साहित्यका विविध प्रवृत्तिहरूमध्ये एक प्रवृत्तिका रूपमा स्थापित भइसकेको देखिन्छ ।

## निष्कर्ष

आन्दोलनका रूपमा करिब चार दशक पार गरिसकेको नारीवाद एउटा साहित्यिक सिद्धान्तका रूपमा स्थापित भइसकेको छ । यद्यपि यसलाई एउटालिङ्गवादी चिन्तनका रूपमा हेर्दा निकट भविष्यमै पुरुषवादी आन्दोलन वा पुरुषवादी लेखन र समालोचनालाई पनि स्वीकार गर्नुपर्ने स्थिति पनि हाम्रा सामु छँदैछ । मानवलगायत सम्पूर्ण प्राणीजगत्मा भाले र पोथीका आआफ्नै नैसर्गिक विशेषताहरू छन् । ती विशेषताहरूलाई आधार बनाएर मानिसमा लैङ्गिक विभेद गरिनु हुँदैन परन्तुजबसम्म स्त्री तथा पुरुषका नैसर्गिक विशेषताहरूलाई समाप्त पार्ने प्रयास गरिनुहुन्न भन्ने कुरामा नारीवादीहरू सजग हुँदैनन् तबसम्म नारीवादी आन्दोलन पनि एउटा प्रतिक्रियाका रूपमा मात्रै रहने छ ।यसका अतिरिक्त दर्शन, कला र कलासिद्धान्तका आधारमा नभई जात, धर्म, रङ्ग, सम्प्रदाय आदिका आधारमा समालोचना निर्माण हुने सम्भावना पनि यसले बढाएकै छ र प्रगतिवादका नाममा भित्रिएका कतिपय अप्रगतिवादी चिन्तनले पनि यस्ता विषवृक्षको बीजाधान गरेकै छन् । नारीवादी चिन्तनका आधारमा साहित्यको समालोचना गर्न सकिने भए तापनि यस चिन्तनले साहित्यिक सिद्धान्तको रूप लिइसकेको छैन र यसलाई साहित्यिक सिद्धान्तको रूप दिनु पनि हुँदैन भन्ने कतिपय विद्वान्हरूको भनाइ रहेको भए तापनि अब नारीवादी आन्दोलनले एउटा साहित्यिक सिद्धान्तका रूपमा आफूलाई स्थापित गरिसकेको यथार्थलाई स्वीकार गर्नु नै युक्तिसङ्गत देखिन्छ । प्रारम्भमा अलि स्थूल प्रवृत्तिको रहेको नारीवाद स्थूलताबाट सूक्ष्मताको यात्रामा अघि बढ्ने क्रममा सडक आन्दोलनमा मात्र सीमित नभएर लेखनमा पनि उत्रिई कलात्मकस्वरूप ग्रहण गऱ्यो । यो एकातिर सामाजिक-राजनीतिक आन्दोलनका रूपमा विकसित भयो भने अर्कातर्फ साहित्यिक स्वरूपमा पनि विकसित हुँदै गयो । यसमा मनोवैज्ञानिक पक्ष थपिनाका साथै नारीहरूकै बिचको विविधता/पृथकताका आधारमा विश्लेषित हुन थालेपछि झन् सूक्ष्म एवं बौद्धिक बन्न पुग्यो । नारी एवं नारीवादसम्बन्धी चिन्तनमा विविधता देखापर्दै गएपछि नारीवादका पनि विभिन्न स्वरूप देखा परे । यसरी नारीवादी चिन्तनभित्र अनेकौं धारा-उपधाराहरू भए पनि यो मूलतः नारीकेन्द्रित सिद्धान्त हो । यसलाई यसको विशेषताका आधारमा पुरुषविरोधी सिद्धान्त पनि मान्न सकिन्छ । नारीवादी सिद्धान्तले जीवनजगत् वा समस्त सृष्टिको समग्रताको बोध गरी नारीमुक्ति आन्दोलनसँग नजोडिएसम्म यसले यथार्थतः नारीअस्मिताको रक्षा गर्न सक्दैन । नारीवादी चिन्तन, लेखन र समालोचना केवल विरोध र आक्रोशका रूपमा विकसित हुनुहुँदैन ।

नारीमाथि हुने सबै प्रकारका विभेद एवं शोषणको अन्त्य हुनैपर्छ परन्तु जबसम्म नारीमाथि हुने विभेद एवं शोषणका सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक आदि कारणका साथै समाजको उत्पादन स्थितिलाई यथार्थतः सम्पूर्णतामा नबुझी एकोहोरो रूपमा पुरुषको मात्र विरोध गरिन्छ तबसम्म नारीमुक्ति असम्भव देखिन्छ । नारीमुक्तिका निम्ति व्यक्तिगत तथा सामूहिक कुण्ठा एवं मनोग्रन्थीबाट मुक्ति पनि अपरिहार्य छ । यसरी नारीमुक्ति समाजको मुक्तिसँग पनि जोडिएकाले सामूहिक प्रयासबाट मात्र नारीमुक्तिको उद्देश्य प्राप्त हुनसक्छ भन्ने कुरा बुझ्न नसक्नु नै नारीवादी आन्दोलन तथा चिन्तनको कमजोरी हो । यथार्थतः नारीवादी चिन्तन धेरै मात्रामा मनोवैज्ञानिक प्रवृत्तिको छ । यो चिन्तन बढीभन्दा बढी अहंकेन्द्री तथा हीनत्वभावबाट प्रभावित छ । यसर्थ नारीवादी आन्दोलन आफ्नो लक्ष्यमा पुग्ने हो भने वास्तविक आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक एवं मनोवैज्ञानिक समस्याको पहिचान गरी आफूलाई नारीवादी आन्दोलन, चिन्तन वा सिद्धान्तबाट नारीमुक्ति आन्दोलन, चिन्तन वा सिद्धान्तमा परिणत गर्न सक्नुपर्छ ।

## सन्दर्भ-सामग्री


एन्गेल्स, फेडरिख. अनु.(२०५६). ***परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.*** काठमाडौंः प्रगति प्रकाशन ।

अधिकारी, राजेन्द्रप्रसाद. (२०५१). "आधी आकाश'भित्रकी पारिजात" ***पारिजात स्मृति ग्रन्थ.*** निनु चापागाई र खगेन्द्र संग्रौला (सम्पा.), काठमाडौँ : पारिजात स्मृति केन्द्र, पृ. १३५-१४० ।

उप्रेती,सञ्जीव.(२०६८).***सिद्धान्तका कुरा.*** काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

ओशो. (सन् २०१०). ***शिक्षा में क्रांति.*** भारत, पुना : ओशो मेडिया इन्टरनेसनल ।

गौतम,कृष्ण.(२०५०).***आधुनिक आलोचना,* अनेक रूप अनेक पठन**. काठमाडौंः साझा प्रकाशन।

...............(२०६४). ***उत्तरआधुनिक जिज्ञासा,*** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

...............(२०६७). ***उत्तरआधुनिक संवाद,***काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

...............(२०४७). "पारिजात : मैले नजन्माएको छोरो कथामा" ***गरिमा.*** (पू. ९६), पृ.१६-२२.

चैतन्य. (२०५१). "पारिजात : सौन्दर्य चिन्तनको विकास प्रक्रिया" ***पारिजात स्मृति ग्रन्थ.*** निनु चापागाईं र खगेन्द्र संग्रौला (सम्पा.), काठमाडौँ : पारिजात स्मृति केन्द्र, पृ. १-१८ ।

................(२०५४) ***मार्क्सवादी कलादृष्टि र समीक्षा.*** काठमाडौँ : चिन्तन प्रकाशन ।

त्रिपाठी,सुधा. (२०६७)***नारीवादको कठघरामा नेपाली साहित्य.*** ललितपुर : साझा प्रकाशन ।

"उत्तरआधुनिकतावाद र नारीवाद" वि.सं. २०६७. **भृकुटी.** (पू. १०, २०६७). पृ.४५८-४६४.

................(२०६९) ***नारीवादी सौन्दर्य चिन्तन.*** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

................(२०६९) ***नेपाली उपन्यासमा नारीवाद.***काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पौडेल, तुलसीराम. (२०५९) ***लैङ्गिक अध्ययनको रूपरेखा*** **(दो.सं.)**, काठमाडौँ : निमा पुस्तक प्रकाशन ।

बराल, ऋषिराज. (२०५६) ***उपन्यासको सौन्दर्यशास्त्र.*** काठमाडौं : साझा प्रकाशन ।

................(२०६४) ***साहित्य र समाज.*** काठमाडौं : साझा प्रकाशन ।

................(२०६७) ***मार्क्सवाद र उत्तर आधुनिकतावाद.*** बिराटनगर : सविता बराल ।

बराल, कृष्णहरि. (२०५५). ***संदृष्टि.*** काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, तुलसी. (२०५१). "पारिजातः नारी अस्मिता र दृष्टिकोण" ***पारिजात स्मृति ग्रन्थ.*** निनु चापागाईं र खगेन्द्र संग्रौला (सम्पा.), काठमाडौँ : पारिजात स्मृति केन्द्र, पृ. १९-२६ ।

लुइटेल, लीला. "नारीवादी लेखनका सन्दर्भमा नेपाली महिला साहित्यकार" वि.सं. २०६७. **भृकुटी.** (पू. १०, २०६७). पृ.३९९-४०७.

श्रेष्ठ, तारालाल. (२०६८). ***शक्ति, स्रष्टा सबाल्टर्न.*** काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।